# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१२।०७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बेलबारी नगरपालिका वडा नं. २ को कार्यालय बाहिर लेखापढी व्यवसाय गर्ने तिर्थराज गिरीले सेवाग्राहीको नागरिकता प्रमाण-पत्रमा भारतीय सेनामा कार्यरत रहेको कागजात अनुसार नाम र जन्म मिति सच्याउन जिल्ला प्रशासन कार्यालयमा खर्च लाग्छ भनी जिल्ला प्रशासन कार्यालय, मोरङका खरिदार टेकबहादुर श्रेष्ठसँग मिलेमतो गरी सेवाग्राहीसँग रू.६,००,०००/- लिएकोमा निजहरू तिर्थराज गिरी र टेकबहादुर श्रेष्ठले भ्रष्टाचार गरेको कसुरमा यस आयोगमा घुस/रिसवत रकमसहित दाखिला हुन आएकोमा अनुसन्धान हुँदा पदमबहादुर लिम्बु भन्ने बमबहादुर लिम्बुको नागरिकता प्रमाण-पत्रमा जन्म मिति संशोधन गरी सोबापत लेखापढी व्यवसाय गर्ने तिर्थराज गिरीले रू.६,००,०००/- रकम लिई नागरिकता संशोधन गरेबापत जिल्ला प्रशासन कार्यालय, मोरङका खरिदार टेकबहादुर श्रेष्ठलाई रू.१,००,०००/- दिएकोले निज राष्ट्रसेवक कर्मचारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज टेकबहादुर श्रेष्ठलाई बिगो रू.१,००,०००/- (एक लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन साथै निज राष्ट्रसेवकले लिएको घुस/रिसवत रू.१,००,०००/- बरामद हुन नसकेकोले सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम निजबाटै असुल उपर गरी जफत हुनसमेत मागदाबी लिईएको।

त्यस्तै लेखापढी व्यवसाय गर्ने तिर्थराज गिरीले खरिदार टेकबहादुर श्रेष्ठसँग एकआपसमा मिली सेवाग्राहीसँग मोलाहिजा गरी नागरिकता संशोधनको लागि रू६,००,०००/- लिई टेकबहादुर श्रेष्ठलाई रू.१,००,०००/- दिएको र बाँकी रू.५,००,०००/- आफै खाई मास्ने मनसायले राखेको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रू.६,००,०००/-(छ लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदाबी लिई साथै घुस/रिसवत लिएको मध्ये बरामद भएको रू.५,००,०००/- सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम जफत गरी बरामद हुन नसकेको रू.१,००,०००/- सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम निजबाटै असुल उपर गरी जफत हुनसमेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला